**माछापुच्छ्रे गाउँपालिका**

**स्थानीय राजपत्र**

**खण्डः ०६** **संख्याः ०७** **मितिः २०७९।०७।०६**

**भाग-२**

सम्बत् २०७९ सालको कार्यविधि नं. ५

# बैदेशिक रोजगारबाट फर्केर कृषि फर्म सञ्चालन गर्नेका लागि प्रोत्साहन कार्यक्रम परिचालन कार्यविधि, २०७९

**प्रस्तावनाः** वैदेशिक रोजगारको क्रममा प्राप्त अनुभव र अनुभुतिहरुलाई उपयोग गर्दै स्वदेश फर्केर व्यवसायिक कृषि पशुपालन पेशामा आवद्ध हुने नेपाली युवाहरुको संख्या बढिरहेको अवस्थामा विदेशमा प्राप्त सीप र उर्जालाई स्वदेशमा उपयोग गरी आन्तरिक उत्पादनको बृद्धि सँगै रोजगारीका अवसरहरु सिर्जना गर्न विदेशबाट फर्केर देश भित्रै कृषि/पशुपालन पेशामा व्यवसायिक रुपले सक्रिय हुन चाहने वा सक्रिय भइरहेका युवाहरुको मनोवल बढाउन तथा उनीहरुको व्यवसायिकतामा सहयोग पुऱ्याउन बाञ्छनीय भएकोले माछापुच्छ्रे गाउँपालिका प्रशासकिय कार्यविधि (नियमित) गर्ने ऐन, २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी माछापुच्छ्रे गाउँपालिकाले यो कार्यविधि जारी गरेको छ ।

माछापुच्छ्रे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय

## परिच्छेद -१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः-** (१) यस कार्यविधिको नाम **बैदेशिक रोजगारबाट फर्केर कृषि फर्म सञ्चालन गर्नेका लागि प्रोत्साहन कार्यक्रम परिचालन कार्यविधि,** २०७९ रहने छ ।

(२) यो कार्यविधि गाँउ कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ।

**२. परिभाषाः-** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) **"कार्यपालिका"** भन्नाले माछापुच्छ्रे गाँउकार्यपालिकालाई सम्झनु पर्दछ ।

(ख) **"समिति"** भन्नाले माछापुच्छ्रे गाँउपालिकाको कृषि विकास समितिलाई सम्झनु पर्दछ ।

(ग) **"शाखा"** भन्नाले माछापुच्छ्रे गाँउपालिकाको कृषि शाखालाई सम्झनु पर्दछ ।

(घ) **"वडा कार्यालय"** भन्नाले माछापुच्छ्रे गाँउपालिकाका वडा कार्यालयलाई सम्झनु पर्दछ ।

(ङ) **"मुल्याङ्गन समिति"** भन्नाले यस कार्यविधिको दफा ४ बमोजिम गठन भएको समितिलाई सम्झनु पर्दछ ।

(च) **"वैदेशिक रोजगारबाट फर्केका"** भन्नाले अर्थोपार्जन वा अध्ययन आदिको सिलसिलामा नेपालभन्दा बाहिर कुनै पनि देशमा कम्तिमा ६ महिना बसि स्वेदेश फर्केका नेपाली नागरिकहरुलाई बुझ्नु पर्दछ।

माछापुच्छ्रे गाँउपालिका, गाँउ कार्यपालिकाको कार्यालय

(छ) यस कार्यविधि अनुसारको अनुदान प्राप्त गर्न वैदेशिक रोजगारबाट फर्केको कम्तिमा ६ महिना र बढिमा दुई वर्ष तथा उमेरको हकमा ५० बर्ष ननाघेको हुनु पर्नेछ ।

(ज) **"उद्यमी/व्यवसायी"** भन्नाले गाँउपालिका तथा करदाता कार्यालयमा व्यवसाय दर्ता तथा नविकरण गरेका कृषि/पशु फार्म तथा व्यावसायिक कृषकहरुलाई सम्झनु पर्दछ ।

## परिच्छेद -२

## प्रस्ताव आव्हान र मूल्याङ्कन सम्बन्धी व्यवस्था

**३. प्रस्ताव आव्हानः** (१) यस कार्यविधि बमोजिम कृषि तथा पशुपालनमा अनुदानमा उपलब्ध गराउन गाँउपालिकाको कृषि तथा पशु सेवा शाखाले तोकिएको ढाँचामा वैदेशिक रोजगारबाट फर्केका व्यक्तिहरुलाई स्थानीय पत्रपत्रिका, स्थानीय रेडियो, गाँउपालिकाको वेवसाइट, फेसवुक पेज आदि मार्फत कम्तिमा १५ दिनको समय दिएर प्रस्ताव आव्हान गर्नु पर्नेछ । यस्तो सूचना गाँउपालिका तथा सम्पुर्ण वडा कार्यालयहरुको सूचना बोर्डमा टाँस गर्नु पर्नेछ ।

(२) यस कार्यविधि अनुरुप कृषि तथा पशुपालनमा अनुदान माग गर्न चाहने वैदेशिक रोजगारबाट फर्केकाहरुले तोकिएको मिति भित्र आफुले माग गरेको अनुदान सम्वन्धि विवरण सहित अनुसूची - १ को ढाँचामा प्रस्ताव पेश गर्नु पर्ने छ ।

(३) अनुदान माग गर्न सम्वन्धित कार्यालयमा पेश गर्ने प्रस्तावको साथमा सम्वन्धित वडा कार्यालयको सिफारिस, बैदेशिक रोजगारमा कम्तिमा ६ महिना बसेको र स्वदेश फर्किएको कम्तिमा ६ महिना तथा दुई वर्ष भएको प्रमाण, व्यवसाय दर्ता नविकरण प्रमाण पत्र प्यान/भ्याट दर्ता प्रमाण पत्र करचुक्ता प्रमाण पत्र अनुभव तथा तालिमको प्रमाण पत्रको प्रतिलिपि, व्यक्तिको हकमा नागरिकताको प्रतिलिपि अरु कुनै निकायबाट दुई वर्ष यता कृषिमा कुनै पनि

माछापुच्छ्रे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय

प्रकारका अनुदान नलिएको स्व घोषणा पत्र समेत संलग्न गाँउकार्यापालिकाको कार्यालयमा निवेदन दिनु पर्नेछ ।

४. **प्रस्ताव मूल्याङ्गन समितिः** (१) यस कार्यविधि बमोजिम अनुदान हस्तान्तरणको लागि प्राप्त प्रस्तावहरु छनौट गर्न देहाय बमोजिमको एक प्रस्ताव मूल्याङ्गन समिति रहने छ ।

(क) आर्थिक विकास समिति संयोजक माछापुच्छ्रे गाँउपालिका संयोजक
(ख) प्रमुख प्रशासकीय अधिकृत माछापुच्छ्रे गाँउपालिका सदस्य
(ग) आर्थिक प्रशासन शाखा प्रमुख सदस्य
(घ) पशु सेवा शाखा प्रमुख माछापुच्छ्रे गाउँपालिका सदस्य
(ङ) कृषि शाखा प्रमुख माछापुच्छ्रे गाँउपालिका सदस्य सचिव

(२) मुल्याङ्गकन समितिको बैठक आवस्यकता अनुसार बस्न सक्ने छ ।

(३) मुल्याङ्गकन समितिको बैठकमा आवस्यकता अनुसार गाँउपालिका अध्यक्ष,उपाध्क्ष, आर्थिक विकास समितिका सदस्यहरु , वडा अध्यक्षहरु तथा विषय विज्ञहरुलाई आमन्त्रण गर्न सकिनेछ ।

(४) प्रस्ताव मुल्याङ्गकन गर्दा मुल्याङ्गकन समितिले अनुसूची -२ बमोजिमका मूल्याङ्कनका आधारहरु अनुसार गर्नु पर्नेछ।

(५)मुल्याङ्गकन समितिले प्राप्त प्रस्तावहरु मुल्याङ्गकन गरी क्रमबद्द बढी अङ्क प्राप्त गर्ने प्रस्तावहरु स्वीकृत गर्नु पर्नेछ।

(६) मुल्याङ्गकन समितिले प्राप्त प्रस्तावहरु मुल्याङ्गकन गर्दा आवस्यकता अनुसार अनुगमन तथा निरिक्षण गरी प्रतिवेदन लिन सक्नेछन ।

## परिच्छेद -३

## अनुदान हस्तान्तरण सम्बन्धी प्रक्रिया एवम् सर्तहरु

५. **अनुदान हस्तान्तरणमा प्राथमिकताः** कृषि अनुदान हस्तान्तरणमा देहाय बमोजिमका व्यक्तिहरुलाई प्राथमिकता दिइनेछः



माछापुच्छ्रे गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

(क) बैदेशिक रोजगारको क्रममा सम्वन्धित विषयमा (कृषि/पशुपालन) अध्ययन वा काम गरेको ।

(ख) वैदेशिक रोजगारबाट फर्केपछि निजि फर्म दर्ता गरी संचालन गरिरहेको ।

(ग) कृषि तथा पशुपालन सम्वन्धी तालिम प्राप्त गरी व्यवसायिक कृषि/पशुपालन गरिरहेको ।

(घ) बाझो जमिनलाई उपयोग गरी खाद्यान्न, तरकारी, मसलाबाली, फलफुल, पंक्षि तथा पशुपालन व्यवसाय व्यवसायिक रुपमा गरिरहेका ।

(ङ) खाद्दान्न बालीको हकमा कम्तिमा १० रोपनी, तरकारीको लागि २रोपनी (प्लास्टिक घरभित्र खेती गर्नेले ५०० वर्ग मिटर), मसलावालीको हकमा कम्तिमा २ रोपनी जमिनमा व्यवसायिक खेती गर्नुपर्ने ।

(च) कुखुराको हकमा २,०००, गाई/ भैंसी ५ वटा माउ, बाख्रा १५ वटा माउ, तथा माछाको हकमा ३ रोपनीमा व्यवसाय गर्नुपर्ने छ ।

६. **अनुदान हस्तान्तरण सम्बन्धी प्रक्रियाः** अनुदान हस्तान्तरणका लागि देहाय बमोजिमका प्रक्रियाहरु अवलम्बन गरिनेछः

क) यस कार्यक्रमको लागि गाँउपालिकाको तर्फबाट हरेक आर्थिक बर्षमा विनियोजन हुने रकमको परिधि भित्र रही तथा यस कार्यक्रमको लागि प्राप्त प्रस्तावहरुको आधारमा कृषकहरुको क्षमता र कार्यक्रम संचालन भएपछि हुने उपलब्धिहरुलाई ध्यानमा राखि मुल्याङ्कन समितिले सिफारिस गरे बमोजिमको कृषि अनुदान प्रचलित आर्थिक कार्यविधि सम्वन्धि कानुनको अधिनमा रही यसै कार्यविधि बमोजिमको मापदण्ड पुगेको व्यत्ति सँग सम्झौता गरी कृषि अनुदान हस्तान्तरण गरिने छ।



माछापुच्छ्रे गाँउपालिका, गाँउ कार्यपालिकाको कार्यालय

ख) वैदेशिक रोजगारबाट फर्केका युवाहरुको अवस्था, आवस्यकता र कृषि व्यवसायबाट हुने रोजगारीका आधारमा लागत अनुमानको ५० प्रतिशत अनुदान उपलब्ध गराइने छ ।

ग) यस कार्यक्रम अन्तरगत उपलब्ध गराईने प्रविधिको आपुर्ती र वितरण सार्वजनिक खरिद एन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम गरिनेछ ।

**७. कृषि अनुदान अन्तर्गत संचालन गर्न सकिने कार्यक्रमहरुः** कृषि अनुदान अन्तर्गत देहाय बमोजिमका कार्यक्रमहरु सञ्चालन गर्न सकिनेछः

| क्र.सं. | कार्यक्रम | गाउँपालिका बाट दिइने अनुदान | कृषक/समुह/सहकारी लागत सहकारी |
|---|---|---|---|
| १ | आधुनिक कृषि यन्त्र उपकरणहरुको खरिद | ५० | ५० |
| २ | टनेल/ग्रिन हाउस निर्माण | ५० | ५० |
| ३ | पशु /पंक्षि पालनको लागि गोठखोर निर्माण | ५० | ५० |
| ४ | प्लाष्टिक पोखरी | ५० | ५० |
| ५ | माछा पोखरी निर्माण | ५० | ५० |
| ६ | बीउ, बिरुवा, मल खरिद | ५० | ५० |

**८. अनुदान हस्तान्तरणका सर्तहरुः** अनुदान हस्तान्तरणका सर्तहरु देहाय बमोजिम रहेका छन्:

(क) कृषकहरुले प्राप्त गरेको अनुदानको उचित प्रयोग गर्नु पर्ने छ ।

(ख) अनुदान प्राप्त गरेको निर्माण तथा खरिद गरेको भौतिक सामाग्रिहरुको ममर्त संम्भार गर्नु पर्ने छ यदि सामाग्रिहरु बिग्रेको खण्डमा आफैले मर्मत गर्नु पर्ने छ।

(ग) अनुदान प्राप्त गरेको मितिले ५ वर्ष सम्म सम्झौता अनुसारको काम गर्नु पर्ने छ। साथै यन्त्र उपकरणको हकमा ५ वर्षसम्म अरुलाई हस्तान्तरण गर्न पाइने छैन यदि सम्झौता अनुसारको कार्यक्रम ५

माछापुच्छ्रे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय

बर्ष अगाडि नै छोडेमा वा यन्त्र उपकरणहरु अरुलाइ बिक्रि गरेमा सम्वन्धित कृषकले अनुदान वापतको रकम अशुल उपर गरी प्रचलित कानून अनुसार कारवाही गरिनेछ साथै अन्य अनुदानमा सहभागि गराइने छैन ।

(घ) अनुदानमा प्राप्त कृषि यन्त्र उपकरणहरु सम्वन्धित कृषकले आफ्नो बाहेक अन्य कृषकहरुको कामको लागि प्रचलित ज्याला लिएर उपयोग गर्न यो कार्यविधिले रोक्ने छैन ।

(ङ) कृषि अनुदान अनुसूची -३ को ढाँचामा सम्झौता गराइ हस्तान्तरण गर्नु पर्ने छ

## परिच्छेद -४
## अनुगमन, निरीक्षण तथा मूल्याङ्कन

९. **अनुगमन निरीक्षण तथा मुल्याङ्कन सम्बन्धी व्यवस्थाः** यस कार्यविधि अनुसार उपलब्ध गराइने कृषि अनुदान सदुपयोग भए नभएको बारेमा कार्यालयले जुनसुकै समयमा अनुगमन, निरीक्षण तथा मुल्याङ्कन गर्न सक्नेछ ।

## परिच्छेद -५
## विविध

१०. **बाधा अड्काउ फुकाउने अधिकारः** यस कार्यविधिमा उल्लेखित कुनै प्रावधानहरुमा द्विविधा उत्पन्न भएमा वा यस कार्यविधि कार्यान्वयन्मा कुनै बाधा परेमा सोको व्याख्या गर्ने वाधा अड्काउ फुकाउने अधिकार गाउँ कार्यपालिकामा रहनेछ ।

११. **प्रचलित कानुन बमोजिम हुनेः** यस कार्यविधिमा उल्लेखित कुनै प्रावधान प्रचलित कानुनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ।

१२. **कार्यविधि संशोधनः** माछापुच्छ्रे गाउँपालिका, गाउँकार्यपालिकाले आवश्यकताको आधारमा यस कार्यविधिमा संशोधन गर्न सक्ने छ ।

माछापुच्छ्रे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय

## अनुसूची -१

## दफा ३ (२) सँग सम्बन्धित

## कृषि अनुदान सहयोगको लागि कृषकले कार्यालयमा पेश गर्ने निवेदनको ढाँचा

मिति ...................

श्री कार्यालय प्रमुख ज्यू
माछापुच्छ्रे गाँउपालिका, गाँउकार्यपालिकाको कार्यालय,
लाहाचोक कास्की

विषयः वैदेशिक रोजगारीबाट फर्केका युवाहरुलाइ प्रदान गरिने कृषि अनुदान उपलब्ध गराई दिनु हुन ।

कास्की जिल्ला माछापुच्छ्रे गाँउपालिका ............नं वडा निवासी म ................................विगत ......बर्ष ..............देशमा वैदेशिक रोजगारीमा संलग्न भई .........................मितिमा देश फर्केपछि ......................नामको फर्म .........................कार्यालउमा ...................मितिमा देश फर्केपछि .................नामको फर्म ..............कार्यालयमा ...............मितिमा दर्ता गरेर व्यवसायिकक कृषि/पशुपालन गरिरहेको छु । मैले संचालन गरिरहेको कृषि/पशुपालन फर्मको लागि .................सामाग्रि/ योजना अति आवस्यक परेकोले उक्त सामाग्रि/योजना उपलब्ध गराई दिनु हुन निवेदन दस्तुर वापतको रानस्व दाखिला गरी भौचर सहित यो निवेदन पेश गरेको छु ।

१) निवेदकको नाम
२) ठेगाना
३) फर्मको नाम
४) फर्म संचालन गरेको स्थान
५) फर्म दर्ता मिति र नम्वर
६) बैदेशिक रोजगारीमा गएको देशको नाम
७) बैदेशिक रोजगारीमा बसेको समय
८) बैदेशिक रोजगारी बाट फर्केको मिति
९) बैदेशिक रोजगारीमा रहदा गरेको काम/अनुभव
१०) फर्ममा लगानि भएको पुँजि
    क) स्थिर पुँजि

माछापुच्छ्रे गाँउपालिका, गाँउकार्यपालिकाको कार्यालय

ख) चालु पुँजि

११) फर्मबाट हुने बार्षिक आम्दानी रु

१२) माग गरिएको सामाग्रि/योजना

**संलग्न कागजातहरुः**

१. नागरिकताको प्रतिलिपि।

२. विदेशमा बसेको र देश फर्केको मिति खुल्ने राहदानीको प्रतिलिपि।

३. व्यवसाय दर्ता/नविकरणको प्रमाणपत्रको प्रतिलिपि ।

४. पान/भ्याट दर्ता नं.।

५. करचुक्ताको प्रतिलिपि।

६. फर्म संचालन भइरहेको जग्गाधनी प्रमाण पूर्जाको प्रतिलिपि/भाडामा भए करार सम्झौताको प्रतिलिपि ।

७. विदेशमा हुँदा सम्बन्धित काम गरेको भए सो को प्रमाणित प्रतिलिपि अन्य तालिमहरु भए प्रमाण पत्रको प्रतिलिपि।

८. सम्बन्धित वडाको सिफारिस प्रस्तावित कार्यक्रम दुई वर्ष अगाडिदेखि हालसम्म अन्य कुनै निकायबाट अनुदानमा प्राप्त नगरेको स्व घोषणा पत्र ।

निवेदकको नामः

ठेगानाः

दस्तखतः

सम्पर्क नः

संस्थाको छापः

माछापुच्छ्रे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय

## अनुसूची -२
## दफा ४ (४) सँग सम्बन्धित

**सूचना आव्हान पश्चात प्राप्त प्रस्तावहरुलाई देहाएको आधारमा मुल्याङ्कन गरिनेछ**

**प्रस्तावना मूल्याङ्कनका आधारहरु**

| क्र.सं. | मूल्याङ्कनका आधारहरु | प्रदान गरिने अङ्क |
|---|---|---|
| १ | प्रस्तावमा उल्लेखित काम नै विदेश तथा स्वदेशमा गरेको प्रमाण खुलेको | १० |
| २ | महिला दलित लोपउन्मुख र गाँउपालिकाले पहिचान गरेको अति विपन्न घर परिवारमा सुचिकृत भएको | १० |
| ३ | कृषि तथा पशुजन्य व्यवसाय संचालन गर्दा परिवारको सदस्य बाहेक अन्यलाई पनि रोजगारी दिईरहेको | २० |
| ४ | प्रस्तावित कार्य कृषकको माग एवम् आवस्यकता भए नभएको | २० |
| ५ | प्रस्तावित बाली/वस्तुको भौगोलिक एवं प्राविधिक उपयुक्तता | २० |
| ६ | व्यवसायिक कार्ययोजना | २० |
| | **जम्मा** | **१००** |

**पुनश्चः** माथि उल्लेखित आधारमा मुल्याङ्कन गर्दा कम्तिमा ५० अङ्क प्राप्त गर्ने कृषक/कृषि फर्मलाई मात्र छनौट गर्नु पर्नेछ साथै कृषि/पशुपालन व्यवसाय दर्ता नविकरण नगरेको र व्यवसायिक कार्ययोजना पेश नगर्ने कृषकको आवेदनलाई मुल्याङ्कनमा सहभागी गराईने छैन ।

माछापुच्छ्रे गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

## अनुसूची -३

## दफा ८ को बुँदा (ङ) सँग सम्बन्धित

## वैदेशिक रोजगारबाट फर्केका युवालाई दिईने कृषि अनुदान हस्तान्तरणको सम्झौता

लिखित माछापुच्छ्रे गाँउपालिका ......नं वडा ..................टोल बस्ने म .............................ले यस गाँउपालिबाट मिति .................. मा प्रकाशित ...................................... .......................................................................... शिर्षकको सूचना बमोजिम कृषि /पशुपालन फार्मको तर्फबाट आवस्यक पर्ने ...........................सामाग्रि /योजना माग गरेको छु । मैले यस कार्यविधिलाई राम्ररी बुझेको छु ।प्राप्त गरेको अनुदानको सही उपयोग गर्ने छु । आजका मितिले ५ वर्षसम्म कार्ययोजनामा उल्लेखित काम गर्ने छु । यो सम्झौता विपरित काम गरेको प्रमाणित भएमा गाँउपालिकाबाट अनुदान स्वरुप प्राप्त गरेको रकम फिर्ता गर्नुका साथै भविष्यमा गाँउपालिकाद्धारा प्रदान गरिने कुनै पनि अनुदानको लागि अयोग्य हुन मन्जुर भई यस सम्झौतामा सहीछाप गरिदिए ।

### प्राप्त गरेको उपकरणको विवरण

| सि.नं | सामाग्रि/योजना नाम | परिमाण | दर | गा.पा.को अनुदान | लागत सहभागिता | जम्मा रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |

| गाउँपालिकाको तर्फबाट पहिलो पक्ष | रोहवर | कृषक/फर्मको तर्फबाट दोस्रो पक्ष |
|---|---|---|
| दस्तखतः | दस्तखतः | दस्तखतः |
| कर्मचारीको नामः | नामथरः | नामथरः |
| पदः | पदः | पदः |
| मितिः | मितिः | फर्मको छापः |
| छापः | | |

आज्ञाले,
बेदहरि अधिकारी
प्रमुख प्रशासकीय अधिकृत



माछापुच्छ्रे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय

मूल्यः रु. २५।-

प्रकाशकः

माछापुच्छ्रे गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

लाहाचोक, कास्की